# साकेला लोकगीतको विधाशास्त्रीय अध्ययन

तुलसीप्रसाद गौतम
सहप्राध्यापक, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
इमेल : gautamtulsi1@gmail.com

**लेखसार**

*प्रस्तुत लेख किराँत राई जातिमा प्रचलित साकेला गीतको विधाशास्त्रीय अध्ययनमा केन्द्रित छ। यो अनुसन्धान गुणात्मक प्रकृतिको रहेको छ । यस अध्ययनका लागि सामग्रीको सङ्कलन स्थानीय स्रोतव्यक्ति र पुस्तकालय कार्यबाट गरिएको छ । साकेला गीत लोकगीतकै एक प्रकार भएको हुनाले यसको विश्लेषण लोकगीतकै विधागत तत्त्वहरूलाई आधार बनाई गरिएको छ । यसमा साकेला गीतको संरचना, कथ्य विषय, साकेलामा प्रस्तुत गरिने नृत्यढाँचा, प्रयोक्ता र प्रयोग क्षेत्र, भाषाशैली, लयविधान (स्थायी, अन्तरा र थेगो, वाद्यवादन), गायक/गायिका आदिको अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यस अध्ययनबाट साकेला गीत नेपालको पूर्वी क्षेत्रमा बसोबास गर्ने राई जातिमा प्रचलित तत्स्थानिक मौलिक विशेषता भएको सांस्कृतिक पर्वगीत हो। यस गीतले त्यस जातिको वेशभूषा, वाद्यवादन, चाडपर्व आदि सांस्कृतिक सम्पदालाई अभिव्यक्त गर्नाका साथै विधाशास्त्रीय दृष्टिले परिपूर्ण रहेको निष्कर्ष प्राप्त भएको छ।*

**शब्दकुञ्जी :** खियामा, तायामा, मुन्धुम, साकेवा, सिली ।

## विषयपरिचय

नेपाल हिन्दू, किराँत, बौद्ध, बोन, मुस्लिम, इसाई आदि विभिन्न धर्म, संस्कृतिलगायत आर्य, किराँत, अग्नेली, द्रविड जाति र भारोपेली, भोटचिनिया, अग्नेली, द्रविड र एकल परिवारका वर्गीकृत एवं अवर्गीकृत गरी १२३ भन्दा बढी भाषा भएको बहुधार्मिक, बहुसांस्कृतिक, बहुजातीय मुलुक हो । नेपालका विभिन्न जातजातिमध्ये राई जाति भाषा, संस्कृति र सभ्यताले परिपूर्ण एक समुदाय हो । यस समुदायको मुख्य चाड साकेला हो र यसमा गाइने गीत साकेला गीत हो । यो गीत किराँत सभ्यता र संस्कृतिको उपज हो । साकेला पर्व वैशाख पूर्णिमा र मङ्सिरे पूर्णिमा गरी वर्षको दुई पटक मनाइन्छ । वैशाखमा मनाइने पर्व उँभौली हो भने मङ्सिरमा मनाइने पर्व उँधौली हो । उँभौली पर्वलाई राईहरू आआफ्नो भाषाअनुसार साकेन्वा/साकेवा, साक्खेवा/साकेला आदि भन्छन् । यी सबै पर्यायवाची शब्दहरू हुन् र तिनले दिने अर्थ एउटै हो । उँभौली पर्वमा सुनुवार र राईहरू साकेला थानमा पितृ र प्रकृतिको पूजा गर्दै साकेला सिली नाच्दछन् । यस चाडमा गाइने गीतमा बालीनालीमा रोग नलागोस्, प्राकृतिक प्रकोपहरू नआऊन् भन्ने जस्ता भावहरू व्यक्त गरिन्छन् । उँधौली पर्वलाई याख्खाहरू चासुवा, सुनुवारहरू फोलस्याँदर र राईहरू साकेला भन्दछन् । साकेला पर्वमा गाइने गीत एउटा लोकभाका हो, जसका माध्यमद्वारा किराँत राई जातिको संस्कृति प्रकट हुन्छ । यो पूर्वी नेपालका धनकुटा, भोजपुर, सङ्खुवासभा, खोटाङ, उदयपुर, ओखलढुङ्गा, सोलुखुम्बु, सुनसरी, मोरङ, झापा र उपत्यकाका काठमाडौँ र ललितपुरका साथै नेपालबाहिर दार्जिलिङ, सिक्किम, बेलायत आदि ठाउँमा राई जातिले उँभौली र उँधौली पर्व मनाउँदा नृत्यसँगै गाउने गीत हो ।

साकेला गीतमा के-कस्ता विधागत तत्त्वहरू समाविष्ट हुन्छन् र ती तत्त्वहरूले गीतको निर्माणमा के-कस्तो भूमिका निर्वाह गरेका छन् भन्ने समस्याको प्राज्ञिक समाधानतर्फ यो लेख केन्द्रित गरिएको छ । उँधौली र उँभौली पर्वमा गाइने साकेला गीतका विषयमा केही लेख, शोधपत्र र पुस्तकहरू पाइए पनि यसको विधाशास्त्रीय अध्ययन भएको पाइँदैन । यही रिक्ततालाई पूरा गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा साकेला गीतको विधाशास्त्रीय अध्ययन गरिएको हुँदा सङ्कलित गीतका नमुनाहरूलाई प्राथमिक सामग्रीका रूपमा र साकेला पर्व र यस गीतका बारेमा लेखिएका शोधपत्र, समालोचनात्मक पुस्तक तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यो लेख गुणात्मक प्रकृतिको रहेको छ । यसमा विश्लेष्य गीतहरूको सङ्कलन पुस्तकालय कार्य र स्थानीय स्रोतव्यक्तिका माध्यमबाट गरिएको छ । स्रोतव्यक्तिका रूपमा धरानका स्थानीय बुद्धिजीवी शरणकुमार राईसँग वार्ता गरी सामग्री सङ्कलन गरिएको छ । अनुसन्धानकर्ता स्वयं अध्ययनक्षेत्रकै बासिन्दा भएकाले किराँत राईहरूको उँधौली र उँभौली पर्वमा प्रत्यक्ष उपस्थित भई गीत र नृत्यको अललोकन गरिएको छ । यसमा संरचना, कथ्य विषय, भाषाशैली, नृत्य, प्रयोक्ता र प्रयोग क्षेत्र, लयविधान (स्थायी, अन्तरा र थेगो, वाद्यवादन), गायक/गायिका आदि लोकगीतका तत्त्वहरूलाई आधार बनाई साकेला गीतको विधाशास्त्रीय अध्ययन गरिएको छ ।

विधाशास्त्रीय अध्ययनमा विधागत तत्त्वहरूको विश्लेषण गरी निष्कर्ष निकालिन्छ । विधागत तत्त्वहरूबाट नै साहित्यिक कृतिको निर्माण हुन्छ भने लोकगीत पनि आफ्ना संरचक घटकहरूबाट नै निर्मित हुन्छ । संरचना भनेको कुनै वस्तु गीतमा समाविष्ट एकाइहरूको संयुक्त रूप हो । कुनै वस्तुको बाहिरी सिङ्गो बनोट र भित्री बुनोटको समष्टिगत रूप नै संरचना हो । लोकगीतका तत्त्वहरूमा संरचना, कथ्य विषय, भाषाशैली, स्थायी, अन्तरा, थेगो र लय हुन्छन् (न्यौपाने, २०७२, पृ. १०३-१२८) । साकेला गीतको पनि आफ्नो संरचना हुन्छ । यसको संरचनामा कथ्य विषय, भाषाशैली, लयविधान, प्रयोक्ता, गायक/गायिका आदि तत्त्वहरू हुन्छन् । साहित्यका विधागत तत्त्वहरूको विश्लेषण गर्ने परिपाटी रूपवादी र संरचनावादीहरूले सुरु गरेका हुन् । संरचनावादी सिद्धान्तको विकास भ्लादिमिर प्रोपको (मोरफोलोजी अफ द फोल्कटेल (अनु. सन् १९५८) र क्लाउड लेभी स्ट्राउसको स्ट्रक्चरल एन्थ्रोपोलोजी (अनु. सन् १९६४) पुस्तकहरूबाट भएको हो । एलान डन्डेसका अनुसार प्रोपको पद्धतिले आगमनात्मक तथा अनुभवाश्रित विधि अँगालेको छ भने स्ट्राउसको पद्धतिले निगमनात्मक तथा तर्काश्रित ढाँचा अँगालेको छ । प्रोपको आगमनात्मक तथा अनुभवाश्रित विधिमा सामग्री सङ्कलन गरी तिनको विश्लेषण गरेर निष्कर्ष निकालिन्छ भने स्ट्राउसका पद्धतिले आन्तरिक संरचनाको विवेचनाद्वारा रूप पक्षका साथै सांस्कृतिक पक्षको समेत अध्ययन गर्न सकिन्छ (बन्धु, २०७४, पृ. ७७) । साकेला गीतको विधाशास्त्रीय विश्लेषणको मुख्य उद्देश्य त्यसमा विद्यमान कथ्य विषय, प्रयोक्ता, प्रयोग क्षेत्र, भाषाशैली, लयविधान, नृत्यढाँचा, वाद्यवादन आदिको रूपतात्त्विक अध्ययन हो । यसको रूप पक्षमा लय, बिम्ब, प्रतीक, गायक/गायिका, प्रयोक्ता, वाद्यवादन, नृत्यढाँचा आदि पर्दछन् भने वस्तु पक्षमा कथ्य, भाव/विचार आदि पर्दछन् । साकेला गीत अलिखित र मौखिक परम्पराबाट आएको भए तापनि यसको विश्लेषण सङ्कलित लिखित रूपहरूबाट गरिएको छ र विश्लेषणको आधार कथ्य विषय, भाषाशैली, लयविधान, गायक आदि विधातत्त्वहरूलाई बनाइएको छ ।

## नतिजा र विमर्श

साकेला गीत नृत्य र वाद्यवादनसहित गाइने लोकगीतको एक प्रकार हो । यसका सर्जक सामूहिक वा अज्ञात हुन्छन् । यो व्यक्तिगत नभई सामूहिक र सामाजिक हुन्छ । यसलाई चाम्लिङ भाषामा साकेला गीत, बान्तवा भाषामा साकेन्वा गीत, थुलुङ भाषामा तोसी गीत, दुङ्माली भाषामा साखेवा गीत भनिन्छ (राई, २०६९, पृ. ३७) । साकेला गीत लोकगीतकै एक प्रकार भएको हुँदा यसको संरचनामा लोकगीतकै तत्त्वहरू समाविष्ट हुनु स्वाभाविक छ । त्यसैले यसमा साकेला गीतमा विद्यमान संरचना, कथ्य विषय, साकेला सिली, प्रयोक्ता र प्रयोग क्षेत्र, भाषाशैली, लयविधान (स्थायी, अन्तरा र थेगो, वाद्यवादन), गायक/गायिका आदि तत्त्वहरूको विश्लेषण गरिएको छ ।

## साकेला गीतको संरचना

संरचना बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । लोकगीतको बाह्य संरचना त्यसका एकाइहरूको अन्विति हो भने आन्तरिक संरचना बुनोट तहका अवयवहरूको कार्य र तिनीहरूका बिचको सहसम्बन्ध हो । यसको संरचनामा कथ्य विषय, भाषा, स्थायी, अन्तरा र थेगो, लय, सङ्गीत

हुन्छन् (पराजुली, २०६०, पृ. २१-२५) । साकेला गीत पनि विभिन्न संरचनामा प्राप्त छन् । बाह्य संरचनाका दृष्टिले साकेला गीत आठ अक्षरको एक पङ्क्ति हुने, दश अक्षरको एक पङ्क्ति हुने, बाह्र अक्षरका, चौध अक्षरका र कुनै सोह्र अक्षरसम्मका पङ्क्ति संरचनामा पाइन्छन् । आधुनिक गीत र साकेला गीतमा लय र गेयात्मकतामा समानता पाइन्छ भने कथ्य विषय र संरचनामा भिन्नता पाइन्छ । साकेला गीत नृत्यसँगै समूहमा गाइने भएकाले लामो समय नाच्दा गीतको लम्बाइ बढ्दै जाने र छोटो समयमा नाचिने भएमा छोटै आयामका हुन्छन् । सोह्र अक्षरको पङ्क्तिमा संरचित साकेला गीतको एक उदाहरण यसप्रकार छ :

साकेला थानमा उँभौली पूजा गरौँ है नाचेर
सिमे र भूमे उँधौली पूजा सम्झना साँचेर
सोइ सोइला हो, हुर्र हा...हा...
सिकार खेल्ने धनुकाँड बोकी प्रकृति काखैमा
भेटघाट गरी साकेला नाचौँ सिलीको भाकैमा
सोइ सोइला हो, हुर्र हा... हा...
मखमली चोली छिटको गुन्यु तयारी भाँचेर
ढोल झ्याम्टा ठोक्दै भूमिको पूजा सम्झना साँचेर
सोई सोई ला हो, हुर्र हा... हा...
सिरैमा सिरफूल नाकैमा ढुङ्ग्री बुलाकी झुन्डेको
दौरा र सुरुवाल पटुकी कसी खुकुरी भिरेको
सोइ सोइला हो, हुर्र हा... हा....
किराँती राजा पारुहाङ रानी सुम्निमा भाकेर
चिन्डोको वासिङ पितृको पूजा सम्झना साँचेर
सोइ सोइला हो, हुर्र हा... हा... ।
(सङ्कलक, सेमन्त राई, https://www.facebook.com)

प्रस्तुत गीत सोह्र अक्षरको एक पङ्क्ति भएको पूर्वेली भाकाको एक प्रकार हो । बाह्य संरचनाका दृष्टिले यो गीत पन्ध्र पङ्क्तिसमूहमा संरचित भए पनि मुख्य गीत दश पङ्क्तिसमूहमा संरचित छ । 'सोइ सोइला हो, हुर्र हा हा' थेगो वा रहनीका रूपमा पाँच ठाउँ आएको छ । थेगो वा रहनीले गीतको भाका प्रस्तुत गरेको छ । यो गीत एउटा पूर्ण संरचना हो जसमा कथ्य विषय र भाषाशैली आदिको बुनोट र त्यसको संश्लिष्ट रूप पाइन्छ । यसमा पारुहाङ र सुम्निमा भाकेर साकेला थानमा गरिने उँभौली पूजा र त्यस अवसरमा गरिने प्रकृति, पितृ र देवीदेवताको पूजा यसको कथ्य विषय हो भने विषयको विस्तार सम्पूर्ण गीत हो । यस गीतलाई ढोल र ज्याम्टा जस्ता वाद्यवादनले ताल र सुर दिएर साङ्गीतिक बनाएको छ । यस गीतमा प्रयुक्त अनुप्रास योजनाले गीतलाई लयात्मक र साङ्गीतिक बनाएको छ भने बिम्बात्मक र प्रतीकात्मक भाषा र अलङ्कारको प्रयोगले साहित्यिक सौन्दर्य प्रदान गरेको छ । यसरी गीतको कथ्य विषय र भाषाशैलीको बुनोटले सिङ्गो संरचना निर्माण गर्नुका साथै किराँत संस्कृति झल्काउन सफल भएको छ ।

साकेला गीत राई भाषामा गाइने गीत हो तर हिजोआज धेरैजसो नेपाली भाषामा नै गाइन्छ। राई जातिको बाक्लो बसोबास भएका ठाउँहरूमा भने राई भाषा बोल्ने वक्ताहरू प्रशस्तै पाइने हुनाले राई भाषामै पनि गाइन्छ। राई बान्तवा भाषामा गाइने साकेला गीतको एक उदाहरण यसप्रकार रहेको छ :

बान्तवा भाषा : यावा निछा नाना बब आहाई बाङा छुना देवा स्यामुना,
काचिपेनदा काता कावाङ आहाई झाराकदा आन्काउ सेवा स्यामुना।

नेपाली अनुवाद : साथीभाइ दिदी दाजु आहाई काका काकी बडाबा स्यामुना
कार्यक्रममा उपस्थित हुने आहाई सबैमा हाम्रो सेवा स्यामुना

बान्तवा भाषा : साम्बा ढेट्मा केत्मा छाक्मा आहाई वारेम्फक् निम्पाङ् चोम्मा स्यामुना,
होङ्कुहोङ्कु चाक्वा हुत्यु आहाई लक सुमा कि ढुप्मा स्यामुना।

नेपाली अनुवाद : बाँस काटी फुटाई ताछी आहाई भाटाको हतियार बनाऔँ स्यामुना,
खोलैखोला पानीमुनि आहाई पाहा छेकी घोचौँ स्यामुना।

(राई, २०७८, पृ. ४९२)

उपर्युक्त गीत राई भाषामा गाइने साकेला गीतको नमुना हो। यसका प्रत्येक पङ्क्ति चौध अक्षरको संरचनामा संरचित छन्। यसमा 'आहाई' र 'स्यामुना' शब्द थेगोका रूपमा आएका छन्। यस गीतमा नाच्न र गाउन भेला भएका साथीभाइ, दाजुभाइ, दिदीबहिनी, काका-काकी, बडाबालगायत सबैलाई सेवाढोग भनिएको छ। यसले आफन्तजन भेट हुँदा ढोगभेट गर्ने किराँती संस्कृतिलाई उजागर गरेको छ। त्यसै गरी यसले खोलामा माछा र पाहा जस्ता जीवजन्तु मार्दा बाँसको तिखो भाटा बनाई घोचेर मार्ने प्राचीन मानिसका सिपलाई बाहिर ल्याएको छ।

## साकेला गीतको कथ्य विषय

लोकगीत कुनै न कुनै विषयमा आधारित हुन्छ। इतिहास, पुराण, समाज, धर्म, संस्कृति, राजनीति, मानवीय इच्छा, आकाङ्क्षा, संवेदना आदि लोकगीतका अनेक विषय हुन सक्छन्। सामाजिक विषयवस्तुसँग आधारित लोकगीतले समाजमा विद्यमान रीति, परम्परा तथा संस्कारलाई प्रतिनिधित्व गर्दछ भने ऐतिहासिक तथा पौराणिक विषयवस्तुसँग आधारित लोकगीतले इतिहास र पुराणकै प्रतिनिधित्व गरेको हुन्छ। विषयले कुनै न कुनै भाव वा विचारलाई बोकेको हुन्छ। गीतले अभिव्यक्त गर्ने सन्देश नै यसको विषय हो। त्यसैले कुनै गीत प्रेम र बिछोडसम्बन्धी हुन्छन् भने कुनै गीत धार्मिक भावना भएका भजनकीर्तनसम्बन्धी हुन्छन्। पर्व र ऋतुसँग जोडिएका गीत पर्व र ऋतुगीत हुन्छन्। विषयबिनाको लोकगीत हुन नसक्ने भएकाले यसलाई लोकगीतको अनिवार्य तत्त्व मानिएको हो। साकेला गीतमा राई जातिको पितृपूजा, भूमिपूजा, देवपूजा, संस्कार, संस्कृति आदि कथ्य विषयका रूपमा आएका हुन्छन्। खेती लगाउने र भित्र्याउने समयमा गाइने गीत भएकाले यसलाई ऋतुगीत पनि भन्न सकिन्छ (राई, २०७७)। यस गीतमा ऋतुसम्बन्धी, संस्कारसम्बन्धी, पितृ र प्रकृतिसम्बन्धी तथा मायाप्रीतिसम्बन्धी विषय वर्णन भएका हुन्छन्। (राई, २०७१, पृ. १२२)

किराँत मुन्धुमअनुसार सृष्टिकालमा सुम्निमा र पारुहाङ आकाशतिर जानुभएपछि होङ्छा पृथ्वीमा एक्लै हुनुभयो। उहाँ धेरै न्यास्रिनु भयो। त्यसपछि होङ्छाले सुम्निमा र पारुहाङको प्रतीक मानेर सुप्तुलुङको स्थापना गर्नुभयो। होङ्छाले सुप्तुलुङको उत्तर दायाँ भागमा चुला गाडेर भन्नुभयो, "तपाईं

दिवालुङ । तपाईंले हाम्रो परिवारलाई शक्ति दिनू । दीर्घायु बनाउनू । शत्रुहरूबाट जोगाउनू । सुखशान्ति गराउनू ।" त्यसै गरी होङ्छाले सुप्तुलुङको दक्षिण भागमा चुला गाडेर भन्नुभयो, "तपाईं दिमालुङ । तपाईंले घरपरिवारमा सुब्बे फाब्बे गराउनू । धनसम्पत्ति, अन्नपात घर भित्र्याउनू । बुद्धिविवेक दिनू । शत्रुहरूबाट जोगाउनू । सुखशान्ति गराउनू ।" फेरि होङ्छाले सुप्तुलुङको अगाडि मूल ढोकातिरको भागमा चुला गाडेर भन्नुभयो, "तपाईं तायालुङ । तपाईंले यो घरपरिवारमा आउने पाहुनाहरूलाई सत्कार गर्दै परिवारमा सुब्बे फाब्बे कायम गराउनू । शत्रुहरूबाट जोगाउनू । सुखशान्ति गराउनू" । (पुमा, २०८०)

मुन्धुममा होङ्छाले अभिव्यक्त गरेका यिनै भावनालाई साकेला गीतमा व्यक्त गरिने हुनाले यसको कथ्य विषय सुखशान्तिको भावसँग जोडिएको हुन्छ । बाली लगाउने बेला वैशाख महिना र बाली भित्र्याउने मङ्सिर महिनामा गाइने भएको हुँदा यस गीतको मुख्य विषय प्रकृति, बालीनाली, मौसम, जनावर, चराचुरुङ्गी र देवीदेवता आदिका साथै दैवी प्रकोप र विपत्ति नआउन् भन्ने भावनासँग जोडिएका हुन्छन् । दैवी प्रकोप नआओस् भन्ने मङ्गल भावहरू विषयसँग जोडिएर आउँछन्, जस्तै :

आकासैनेरि असिना हुरी दूर दिशा हटाइदेऊ
वर्षा है भरि मन छुने गरी सरर पारिदेऊ ।
प्रकृति देवी खोला र नाला ठेगानमा राखिदेऊ
सिमे र भूमे पानीको मूल धर्तीमा फुटाइदेऊ ।
रच्छे गर पारुहाङ, सुब्बे फाब्बे सुम्निहाङ । (स्रोतव्यक्ति : शरणकुमार राई, धरान)

उँभौली पर्व वसन्त ऋतुमा बालीनाली राम्रो होस्, सबैमा सुखशान्ति रहोस्, दैवी प्रकोप र विपत्तिहरू नआऊन् भनी पूजा गरिने हुनाले यस पर्वमा प्रकृतिसँग वर्षा र सहकालको माग गरिन्छ, जस्तै-

धर्ती है माता अन्न बाली
लह लह पारिदेऊ
अनिकाल हटाई जगतभरि
सहकाल पारिदेऊ । (स्रोतव्यक्ति : शरणकुमार राई, धरान)

उँधौली पर्व बाली उत्पादन गरिदिएकोमा भूमिप्रति कृतज्ञता ज्ञापन गर्ने सन्दर्भसँग जोडिएको छ । यसलाई न्वागी पूजा पनि भनिन्छ । अन्नबाली पाकेपछि आफ्नो इष्ट देवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गरेर उँधौली पर्व मनाइन्छ । यस पर्वमा अन्नबाली भित्र्याएकोमा खुसी प्रकट गरिने हुँदा मायाप्रीतिका साथै रमाइलो गर्ने खालका गीत गाइन्छन्, जस्तै :

चारकुने चुला र चौकैले
भेट भयो बेला र मौकैले
सुन काटी फुली दुःखैमा भुली
नाचेर जाऔँ है बरि लै लै । (स्रोतव्यक्ति : शरणकुमार राई, धरान)

समग्रमा साकेला गीतमा उँभौली र उँभौली पर्वमा साकेला थानमा गरिने प्रकृति, पितृ र देवपूजा कथ्य विषयका रूपमा आएका हुन्छन् भने किराँती राजा पारुहाङ र रानी सुम्निमा मिथकका रूपमा आउँछन् । सिमेभुमे जस्ता भूदेवताको पूजा गर्ने चलनले किराँतीहरूलाई प्रकृति पूजकका रूपमा चिनाउँछ ।

## साकेला सिली

राई भाषामा साकेला भनेको पर्व र सिली भनेको नृत्य हो । साकेला पर्वमा नृत्यसँगै गाउने भएको हुँदा यसलाई साकेला गीत भनिएको हो । सिली धार्मिक अनुष्ठानमा नाचिने सामूहिक नृत्यको प्रकार हो । सिलीका ढाँचाहरू मुख्यतः सुम्निमा सिली र तायामा खियामा गरी दुई प्रकारका छन् । सुम्निमा सिलीमा धान रोप्ने, गोड्ने, काट्ने, भेला पार्ने, झाँट्ने जस्ता हाते अभिनयका साथ नृत्य गरिन्छ । तायामा खियामा सिलीअन्तर्गत कपास छर्ने, टिप्नेदेखि लिएर तान बुन्ने जस्ता अभिनय गर्दै नृत्य गरिन्छ । यसरी हेर्दा सिली हाते र खुट्टे गरी दुई प्रकारका हुन्छन् । हाते सिली हातको अभिनय हो भने खुट्टे सिली खुट्टाको चाल हो । सिली ढाँचाका नृत्य वसन्त ऋतुमा बालीनाली राम्रो होस्, सुख, शान्ति र आरोग्य होस् भन्ने भावबाट चण्डीपूर्णिमा/बुद्धपूर्णिमा अर्थात् सुम्निमाको सृष्टि भएदेखि लिएर अष्टमीका दिनसम्म नौ दिन नाच्ने चलन छ । त्यसै गरी शरद ऋतुपश्चात् पाकेको बालीनाली आफ्ना पितापुर्खा र सृष्टिकर्ताको नाममा अन्न चढाउँदै ढोल, झ्याम्टा, धनुकाँड, अदुवा र मर्चाको पूजा गर्दै मङ्सिरे पूर्णिमा अर्थात् धान्यपूर्णिमामा नाच्ने चलन छ । यसलाई उँधौली सेवा भनिन्छ । विशेष गरी सृष्टि र प्रकृतिको पूजा गरेपछि मात्र कल्याण हुन्छ र सुखशान्ति मिल्छ भनी पितापुर्खाको नाममा पूजा गर्ने र खुसियालीमा सामूहिक नृत्य गरिन्छ । यसमा गाइने गीतको एक उदाहरण यसप्रकार छ :

किराँती राजा पारुहाङ
सुम्निमा रानी भाकेर
ढोल र झ्याम्टा बजाउँदै
पितृलाई पुजौँ नाचेर
सोइ सोइला हो, हुर्र हा हा ।
(स्रोतव्यक्ति : शरणकुमार राई, धरान)

समग्रमा सिली एक प्रकारको नृत्य ढाँचा हो । यो ढोल र झ्याम्टाको तालमा नाचिन्छ । नाच्दा सँगसँगै गीत पनि गाइन्छ । यस नृत्यमा खुट्टाका चालहरू अगाडि र पछाडि सारिन्छ भने हातले चाहिँ अभिनय गरिन्छ । गोलाकारमा रहेका नृत्य गर्नेहरू दाहिनेपट्टि घुमिरहेका हुन्छन् । साकेला नाच्नुअघि राईहरूको पुरोहित (नछुङ) ले भूमिको पूजा गर्ने चलन छ । यसमा मकैको बोट, धानको बिउ, कृषि सामग्रीहरू जस्तै- कुटो, कोदालो, हँसिया, खुकुरी, हलोको फाली आदि साकेला थानमा राखी पूजा गरिन्छ ।

## सिली (नृत्य)

कतिपय लोकगीत नृत्यसहितका हुन्छन् भने कतिपय नृत्यरहित हुन्छन् । उदाहरणका लागि झ्याउरे, चुड्का, ख्याली, कौरा, बालन, रत्यौली आदि गीतमा नृत्यसमेत रहेको पाइन्छ भने रसिया, दाइँ, मालश्री आदि गीतमा नृत्य हुँदैन । साकेला लोकगीत नृत्यसँगै गाइने गीत हो । सिली नृत्यको तरिका वा ढाँचा हो । सिली नृत्य उँधौली र उँभौली पर्व, हुलुङ, छौवामा पूजा गर्दा नाचिन्छ । पुर्खाहरूलाई खुसी बनाउन, आशीर्वाद माग्न, वर्ष दिनसम्म विभिन्न कार्य गर्दा कुनै केही गल्ती भएको हुन सक्छ, त्यसका लागि माफ माग्न पूजा गर्ने चलन छ । यस्तै अवसरमा साकेला गीत गाउँदै नृत्य गर्ने चलन छ ।

सिली ढोलको तालमा नाचिन्छ भने साकेला गीत त्यसै तालमा गाइन्छ । कतै कतै ढोल नबजाई झ्याम्टाको तालमा मात्र पनि नाचेको पाइन्छ । ढोलको तालमा नाच्ने सिलबोपा (पुरुष) र सिलीबोमा (महिला) ले तालअनुसार नृत्यको ढाँचा बदल्छन् । सिलीका अनेक प्रकार छन् जसमध्ये भूमिपूजा सिली, चासोङ सिली (बारीमा काम गर्ने प्रक्रियाको नक्कल गरी नाचिने), खेतबारी खन्ने सिली, बिउ छर्ने सिली, धान रोप्ने सिली, धान काट्ने अथवा बाली काट्ने सिली, अन्न भित्र्याउने सिली, वामा सिली (कुखुराको पोथीले भुइँ खोस्रे जस्तै गरी नाचिने), लुइचे सिली, मयुर सिली, धोबी चरा सिली, वापा सिली (भालेले खुट्टा उचालेर घुमेझैँ नाचिने), मोछामा सिली (पितृको सम्मानमा नाचिने), सायारेप्पा सिली (शिर उठाउने नृत्य), बुवाँ सिली (सुम्निमाले पारुहाङलाई र पारुहाङले सुम्निमालाई फूल लगाइदिएको नक्कल गरी नाचिने), खासिमा सिली (झिँगाको नक्कल गर्दै नाचिने), बकुल्ला सिली (बकुल्ला जस्तै नाचिने), चाम्चा सिली (बाघको नक्कल गर्दै नाचिने), पेर्मा सिली (भालुले रुख चढ्न खोजे जस्तो गरी नाचिने), मौवा सिली (पितृहरूको सम्झनामा नाचिने), पारुहाङ (किराँती आदिपुरुष) सिली, बोखितिम्मा सिली, हेखातिम्मा सिली, पुतली सिली, मारी सिली (महिलाहरूले मात्र नाच्ने), सोरो सिली (पुरुषहरूले मात्र नाच्ने) प्राप्त छन् । (राई, २०७१, पृ. ९२-१०५)

साकेला पर्वमा नाचिने नृत्यलाई मनमोहक र रोचक बनाउने गीत र सङ्गीतले नै हो । ढोलको ताल र गीतको लयका आधारमा नृत्य गर्नेहरू गोलाकारमा नाच्छन् । जब ढोलेहरूले ढोलको ताल फेर्छन् तब नाच्नेहरूले पनि आफ्नो नृत्यको चाल बदल्छन् । किराँत राईहरूको यो नाच संसारमै पृथक र मौलिक नाच हो । सिली नृत्यमा गाइने साकेला गीतको एक उदाहरण यसप्रकार छ :

वर्ष है दिनको साकेला, भाकेर देउता नाचौँला
आशीर्वाद दिन्छन् पुर्खाले, मन खोली आज नाचौँला
भेट भयो आज मौकाले, को मर्दो बाँच्दो अर्को साल
छुटिने बेला भइगयो, भेटौँला फेरि अर्को साल
सैसैला..... सै..... ला..... । (राई, २०७१, पृ. ११२)

सिली नृत्य सामूहिक रूपमा गरिन्छ । समूहमा नृत्य गर्दा गोलाकार, अण्डाकार र दुई पङ्क्ति एकअर्काका आमनेसामने उभिएर गरिन्छ । नृत्य सिलीका विविध ढाँचामा पृथ्वीले सूर्यलाई परिक्रमा गरेझैँ दाहिने घुम्दै, खुट्टाको चाल अगाडि र पछाडि सार्दै गरिन्छ । नृत्य गर्दा गीतको बोल र सिली ढाँचाका अनुसार अभिनय पनि गरिन्छ । सिली नृत्य अभिनयप्रधान, समयचक्रप्रधान, घटनाप्रधान, नारीसौन्र्यप्रधान र मनोरञ्जनप्रधान हुन्छन् । (राई, २०६९, पृ. २८-२९)

## साकेला गीतका प्रयोक्ता र प्रयोग क्षेत्र

साकेला गीतका प्रयोक्ता राई जातिका मानिस हुन् । इमानसिंह चेमजोङका अनुसार वर्तमान नेपालका पहाडी प्रदेशलाई अघि किरात देश भनिन्थ्यो । आजभोलि पनि पूर्वी नेपाललाई माझ किरात तथा पल्लो किरात भन्दछन् । माझ किरात भन्नाले जिम्दार वा वारबोम्वा औ पल्लो किरात भन्नाले लिम्बू वा याक्थुम्बाहरूको वासस्थान बुझिन्छ (चेमजोङ, २०७५, पृ. १९) । किराँती भन्नाले मूल रूपमा राईलाई भनिन्छ र किराँत शब्दको प्रयोग लिम्बूका लागि पनि गरिन्छ (शर्मा, २०७५, पृ. ३१७) ।

किराँत राई जातिको बसोबास मुख्य गरी माझ किराँत अर्थात् ओखलढङ्गा, सोलुखुम्बु, भोजपुर, खोटाङ, धनकुटा, सङ्खुवासभा, तेह्रथुम र उदयपुरमा रहेको पाइन्छ । केही पूर्वी तराईका सप्तरी, मोरङ, झापालगायत दार्जिलिङ, कालिम्पोङ र सिक्किममा रहेका छन् । राईहरूका कुलुङ, फालिङ, तामाछाङ, खालिङ, थुलुङ, बाइङ, पेलमाङ, सोताङ, चामलिङ, साम्याङ, बान्तवा, रुम्दाली, लोहरुङ, याम्फू, केत्रा, साम, अठाप्रे, चौरसिया आदि थर पाइन्छन् (बिस्ट, २०७१, पृ. २४) । साकेला पर्व मुख्य रूपमा खोटाङ, भोजपुर, सुनसरी, उदयपुर, मोरङ जिल्लामा धुमधामसँग मनाइन्छ । धनकुटाका राईहरू (छिन्ताङे, खोकुले, आठपहरिया), सोलुखुम्बु र ओखलढुङ्गाका राईहरू (थुलुङ, कुलुङ, वाम्बुले), सङ्खुवासभाका लोहोरुङ राई तथा तराईका विभिन्न स्थानमा बसोबास गर्ने किराँत राईहरूमा साकेला त्यति प्रचलित देखिँदैन तर साकेला पर्वका रूपमा नमनाए पनि तोश-तोशी आदि अर्कै रूपमा उनीहरूले उँधौली र उँभौली मनाउने गर्छन् । किराँत राई जातिभित्र खासगरी बान्तवा, साम्पाङ, चाम्लिङ, पुमा, खालिङ आदिले धुमधामका साथ मनाउने गर्छन् (राई, २०७७) । राईहरूको घना बस्ती र प्रभाव क्षेत्रमा भने अन्य जातिका मानिसले पनि राईहरूसँगै साकेला गाउँदै नाच्ने गरेको पनि पाइन्छ । यसरी हेर्दा साकेला पर्व र त्यसमा गाइने गीत पूर्वी नेपालका राई जातिको मौलिक र सांस्कृतिक पर्वगीत हो भन्ने पुष्टि हुन्छ ।

## साकेलामा प्रयुक्त भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको कौशल हो । भाषाबिना भाव वा विचार अभिव्यक्त गर्न सकिँदैन । साकेला गीत भाषाकै माध्यमबाट प्रकट हुने हुनाले यो एक प्रकारको भाषिक अभिव्यक्ति हो । लोकगीतमा लोकले प्रयोग गर्ने भएको हुँदा यसमा सामान्य भाषाको प्रयोग हुन्छ । सामान्य भाषाले नै लोकगीतलाई जीवन्तता प्रदान गर्दछ । राई जातिका विभिन्न थरहरू छन् र थरकै अनुसार फरकफरक भाषा छन् । राईहरूका चामलिङ, बान्तवा, थुलुङ, आठपहरे, कुलुङ, लोहारुङ, चौरासिया, नेवाहाङ, नेचाली, साङपाङ, वाम्बुले, सोताङ्गे, सुनुवार, पुमा, देवान, पिलमाङ, तामाछाङ, ओलाखाम, ओलेली, थिमराङ, तिलुङ, जरुङ, वाक्खिम, चेन्चिपा, नाछिरिङ, ताङलुक्वा, खालिङ, सिवाहाङ, नाम्दुङ, हाङखिम, माङपाहाङ, छाङ्छा, टाङ्लुवा, माकारा, लुगुन, सामसोङ्ला, बाहिङ, दुमी, याम्फू आदि छन् (राई, २०७१, पृ. ४४) । राई भाषाहरूमा आठपहरिया, कुलुङ, थुलुङ, कोयु, खालिङ, चाम्लिङ, छिलिङ, छिन्ताङ, जेरो/जिरुङ, तिलुङ, दुमी, दुङमाली, नाछिरिङ, पुमा, बान्तवा, बाहिङ, नेवाहाङ, मेवाहाङ, बेलहारे, मुगाली, याम्फू, लोहोरुङ, वाम्बुले, साम्पाङ आदि भाषाहरू पर्दछन् । भाषामा विविधता भए तापनि यी भाषाहरू एउटै मूल भाषाबाट विकसित भएका हुन् भन्ने भाषाविद्हरूको भनाइ छ । जहाँ जहाँ राईहरूको बाहुल्य छ र राई भाषा नै बोलिन्छ भने त्यहाँ राई भाषामै साकेला गीत गाउने चलन छ । नेपाली भाषा बोल्ने राई समुदायमा भने नेपालीमै गाउने चलन छ । नेपाली भाषामा गाइए तापनि तिनले राईहरूकै रीतिरिवाज र संस्कृति झल्काउँछन्, जस्तै-

सिमाली सेउली नि गाडेर
देवी र देउता भाकेर

पुर्खाको रीति नि साकेवा
मनाऊँ है सिली नाचेर
रच्छे गर पारुहाङ सुब्बे फाब्बे सुम्निहाङ
सोइ सोइला हो, हुर्र हा हा । (स्रोतव्यक्ति : शरणकुमार राई)

यसमा साकेवा, सिली, पारुहाङ, सुम्निहाङ आदि शब्द राई भाषाबाट ग्रहण गरिएका हुन् । 'सोइ सोइला हो, हुर्र हा हा' साकेला गीतको भाका हो । नेपालीमै गाइए पनि यस गीतले राईहरूको रीतिरिवाज, परम्परा, संस्कृति, देवदेवी आदि झल्काएको छ । यसको गायन शैली भने नृत्यसहित समूहात्मक, दोहोरी र प्रश्नोत्तर खालका हुन्छन् । सामूहिक रूपमा गाइने साकेला गीतका केही पङ्क्तिहरू यसप्रकार छन् :

१. (पारुहाङले नाइमालाई ढोगेको है) ढोगेको लै लै ढोगेको
(माछामा सिली नाचेको है) नाचेको लै लै नाचेको ।
२. (पारुहाङले प्रमाण गरेको है) गरेको लै लै गरेको
(तायामा सिली नाचेको है) नाचेको लै लै नाचेको । (राई, २०६९, पृ. ६४)

## लयविधान

लोकगीतमा भावलाई अभिव्यक्त गर्ने काम भाषाले गरे पनि त्यो लयमा आबद्ध हुन्छ । लयले गीतलाई सङ्गीतात्मक र श्रुतिमधुर बनाइदिन्छ । यही श्रुतिमधुरताका कारणले लोकगीत गाउँघर, डाँडापाखा र खेतबारीमा घन्किने गर्दछन् । लयविधानकै कारणले श्रोता मन्त्रमुग्ध हुन्छ । लोकगीत लोकहृदयको स्वतःस्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो (पराजुली, २०५७, पृ. ६९-७०) । लय वा भाकाले नै लोकगीतलाई रागात्मक बनाउँछ ।

साकेला गीत विभिन्न लय र ढाँचामा गाइन्छन् । समान अक्षरसङ्ख्या, अनुप्रास योजना, थेगो वा रहनी र विभिन्न भाकाले साकेला गीतको लय उत्पादनमा सहयोग पुऱ्याउँछन् । यसका मुख्य रूपमा (सोइसोइला, स्यामुना, है है, ला ला, लै लै) लय तथा ढाँचा छन् (राई, २०७७) । यसबाहेक ('सोई सोइला हो हुर्र हा हा', 'ए नि लै लै हो, बरी लै लै') पूर्व धरानतिर प्रचलित लय वा भाका हो । यसको लय नृत्यमय हुन्छ । ढोलको ढचाङ् ढचाङ् र झ्याम्टाको झ्यामझ्याम तालसँग साकेला गीत गाइन्छ । यसको ताल छिटो छिटो नाच्न मिल्ने खालको हुन्छ जुन दुई-चार बिट अर्थात् खेम्टा तालमा हुन्छ (राई साम्पाङ, २०७१, पृ. १२२), जस्तै :

सिन्कौली सेउली सेलै हो,
नाच्ने र गाउने बेलै हो
सोइ सोइला हो, हुर्र हा हा ।
ढोल है बज्यो गज्जाले,
नाचेर जाऊँ है मज्जाले
सोइ सोइला हो, हुर्र हा हा । (राई, २०७९, पृ. २२३)

यस गीतको लय वा भाका 'सोइ सोइला हो, हुर्र हा हा' हो भने अक्षर संरचना आठ अक्षरको एक पङ्क्ति हुने रहेको छ। यसमा सेलै हो-बेलै हो, गज्जाले-मज्जाले जस्ता अन्त्यानुप्रास र सिन्कौली-सेउली, नाच्ने र गाउने जस्ता आदि र मध्यानुप्रासले लयको सिर्जना गरेका छन्। गीतको गतिप्रवाहका बिचमा विश्राम र 'है' थेगोले लय निर्माणमा अझ बल पुऱ्याएको छ। गति, विश्राम र स्वरको उतारचढावले गीतलाई साङ्गीतिक गुण प्रदान गरेको छ।

## स्थायी, अन्तरा र थेगो

गीत गाउँदा पटक पटक दोहोरिने पद वा पदावलीलाई स्थायी भाग भनिन्छ। स्थायीलाई विस्तार गर्न आउने वाक्यको अंशलाई अन्तरा भनिन्छ। थेगो लोकगीतको एक प्रमुख तत्त्व हो। यसले गीतमा स्थायी रूपमा रहने पद वा पदावलीलाई बुझाउँछ। थेगोलाई रहनी पनि भनिन्छ। थेगो गीतको सुरु, मध्य र अन्त्यमा जहाँ पनि आउन सक्छ। गीतको लय वा भाका निर्माणमा यसको ठुलो भूमिका हुन्छ। साकेला गीतमा स्थायी र अन्तरा भाग हुँदैन। यसमा केवल फेद र टुप्पो अर्थात् माथिल्लो पङ्क्ति र तल्लो पङ्क्ति दुई लाइनमा संरचित हुन्छ। थेगो वा रहनीमा आहै; स्यामुना; सोई सोई ला हो, कुर्र हा हा; है है ला, है है ला; ए नि लै लै हो; बरि लै लै आदि पाइन्छन्। गीतको अन्त्यमा रहनी अनिवार्य रूपमा आएको पाइन्छ (राई, २०७७)। थेगोहरू पीडाबोधक, थकित मनस्थितिबोधक र आदरार्थी हुन्छन् (राई, २०७९, पृ. २१८)। थेगो वा रहनी प्रयोग गरिएको साकेला गीतको एक उदाहरण यसप्रकार छ :

नौगेडी ढुङ्ग्री बुलाकी, यसपालि घरबार होला कि ?
सोई सोई ला हो, कुर्र हा हा (रहनी)
साग छ साइँली, साग छ साइँली
आहै रायो तोरीको, साग छ स्यामुना
सत्य होला, किर्रे होला
आहै तिम्रो माया लाग्छ स्यामुना (स्यामुना-थेगो)। (सङ्कलक, भक्त राई, २०७७)

यस गीतमा (सोई सोई ला हो, कुर्र हा हा) रहनीका रूपमा र (स्यामुना) थेगोका रूपमा आएका छन्। अन्त्यानुप्रासको प्रयोगले यसको लय निर्माणमा सहयोग पुगेको छ।

## वाद्यवादन

लोकगीतमा विभिन्न बाजाहरू प्रयोग गरिएको पाइन्छ। नेपाली लोकगीतमा प्रयोग गरिने बाजाहरूमा मादल, खैँजडी, मुजुरा, ढोलक, झ्याम्टा, सनाही, मुरली, सारङ्गी, टुङ्ना, हार्मुनियम आदि मुख्य छन्। ऊयाउरे, चुड्का, कौरा, टुङ्ना भजन, चुड्के भजन आदि गीतहरूमा बाजा नभई हुँदैन। बाजाकै तालमा गीत गाइन्छ र नाचिन्छ तर कतिपय गीतहरूमा बाजा आवश्यक पर्दैन। उदाहरणका लागि दाइँ गीत, जेठी गीत, असारे गीत, देउडा गीत, तिज गीत, सँगिनी आदिमा बाजाको आवश्यकता पर्दैन। पहिले पहिले तिजे गीत, सँगिनी र रत्यौली जस्ता गीतहरू थपडी बजाएकै भरमा गाइन्थ्यो। हिजोआज यस्ता गीतहरूमा मादल मात्र होइन, हार्मनियम र गितार जस्ता बाजाहरू पनि प्रयोग गरिएको पाइन्छ।

साकेला गीतमा ढोल र झ्याम्टा मुख्य बाजाको रूपमा प्रयोग गरिन्छ । किराँत साक्खेवा सांस्कृतिक धरोहरका अति महत्त्वपूर्ण एवं दुर्लभ उन्मुख वाद्यवादनका साधनहरूमध्ये सेचिसेन्मीप्रदत्त ढोल र झ्याम्टा नै हुन् (राई, २०७८, पृ. २६४) । झ्याम्टाको झ्यामझ्याम र ढोलको ढ्यामढ्याम नृत्य र गीत दुवैको साङ्गीतिक ताल हो । यसै तालमा खुट्टाको चाल चालिन्छ भने सिलीका ढाँचामा हातको अभिनय गरिन्छ । उदाहरणका रूपमा साकेला गीतका केही पङ्क्ति हेरौँ :

१. ढोल र झ्याम्टा बजाउँदै
पितृलाई पुजौँ नाचेर

२. ढोल बज्यो ढ्याङढ्याङ गजैले
नाचिमा जाउँ है मजैले
सोइ सोइला हो, कुर्र हा हा । (राई, २०७९, पृ. २२३)

यस गीतमा ढोल र झ्याम्टा मुख्य बाजाका रूपमा आएका छन् । यिनै बाजाको तालमा नृत्य गरिन्छ । यसरी हेर्दा ढोल र झ्याम्टा किराँती परम्पराका वाद्यवादन हुन् । ढोलको प्रारम्भिक ताल र सुरको आवाज 'भिङ्गु भिङ्गु' थियो भने त्यसको अपभ्रंश भई 'ढ्याङ्कु ढ्याङ्कु' भएको छ । ढोलको ताल र सुरको मात्रा ४/४ को बिटमा हुने उनको मत रहेको छ (राई, २०७८, पृ. २६४) । ढोल र झ्याम्टाको तालमा तितेपाती, सेउली, चमर आदि हल्लाउँदै मौलिक वेशभूषासहित गोलाकार रूपमा अभिनयका साथ नृत्य गर्दै साकेला गीत गाइन्छ । यी दुई बाजाबाहेक कतै कतै मुर्चुङ्गा बजाएको पनि देखिन्छ ।

## गायक/गायिका

लिखित साहित्यमा पठनको सुविधा हुन्छ । यसलाई पाठकले पढेर भाव ग्रहण गर्दछन् तर लोकसाहित्य भने मौखिक परम्पराबाट चल्ने भएको हुँदा यसले जीवन पाउनका लागि गायक/गायिकाको आवश्यकता पर्दछ । कसैका मनमा भएको भाव या लिखित वा मौखिक रूपमा आउनुपर्छ । मौखिक रूपमा देखा पर्नका लागि यसका गायक हुनु आवश्यक भएको हुँदा गायक/गायिकालाई अनिवार्य तत्त्व भनिएको हो । साकेला पर्व मनाउँदा नृत्य गर्दै समूहमा गाउने प्रकृतिपूजक राईहरू यसका गायक/गायिका हुन् । प्रश्नोत्तर रूपमा गाइएको छ भने सवाल जवाफ गर्ने पङ्क्तिसमूह यसका गायक/गायिका हुन्छन् । ढोलको तालमा नृत्य गर्दै गाउने सिलबोपा (पुरुष) र सिलीबोमा (महिला) यसका गायक/गायिका हुन् । यसका रचयिता अज्ञात हुन्छन् । साकेला पर्वमा जुन गीतहरू गाइन्छन् ती मुखमुखै गाउँदै र भन्दै आइएका मौखिक गीतहरू हुन् । त्यसैले पर्वका बेला जसले गाउँछ, तिनै यसका गायक/गायिका हुन्छन् ।

## निष्कर्ष

साकेला गीतको विधाशास्त्रीय अध्ययन गरी हेर्दा उक्त गीत किराँत राई जातिले उँधौली र उँभौली चाडमा नृत्यसहित गाउने पर्वगीत हो भन्ने पुष्टि हुन्छ । लोकले गाउने भएको हुनाले यस्ता गीतलाई लोकगीत भनिन्छ भने राई जातिको संस्कृतिबाट विकसित भएको हुनाले सांस्कृतिक गीत पनि भनिन्छ । साकेला पर्वमा गाइने यस्ता गीतहरूमा बालीनाली राम्रो होस्, सबैमा सुखशान्ति रहोस्, दैवी प्रकोप

र विपत्तिहरू नआऊन् भन्ने जस्ता सद्भावनाहरू समेटिएको पाइन्छ । यसका प्रयोक्ता राई जातिका मानिस हुन् भने प्रयोग क्षेत्र नेपालको पूर्वी पहाडका साथै तराईका झापा, मोरङ, सुनसरीलगायत देशभित्र र बाहिर राईहरूको बसोबास भएका ठाउँहरू हुन् । साकेला गीत ढोल र झ्याम्टाको तालमा गाइन्छ भने सुम्निमा र तायामा खियामा सिलीको ढाँचामा अभिनयसहित नृत्य गरिन्छ । ढोल र झ्याम्टा राई जातिका परम्परागत मौलिक बाजा हुन् । सिली ढाँचा पनि नेपालको स्थानिक र मौलिक नृत्य ढाँचा हो । साकेला गीतको संरचना आठ अक्षरदेखि सोह्र अक्षरसम्मका पङ्क्तिपुञ्जमा निर्मित भएको पाइन्छ । साकेला गीत मूलतः राई भाषामै गाउने परम्परा छ तर हिजोआज राई भाषाको प्रयोग घट्दै गएको हुनाले धेरैजसो ठाउँमा नेपालीमै गाउने चलन छ । यसमा प्रयोग हुने भाषा सरल, सुबोध हुन्छ भने गायन सामूहिक, प्रश्नोत्तर र संवादात्मक हुन्छ । यसको कथ्य विषयमा राई जातिको पितृपूजा, भूमिपूजा, देवपूजा, संस्कार, संस्कृति समेटिएका हुन्छन् । प्राचीन कालदेखि गाउँदै आइएको साकेला गीत र सिली नृत्यको मौलिकपनले राईहरूको संस्कृति जोगाइराखेको छ । समग्रमा यस अध्ययनबाट साकेला गीत किराँत राई जातिमा प्रचलित मौलिक विशेषता भएको पर्वगीत हो । उँधौली र उँभौली पर्वमा नृत्यसहित गाइने यस गीतले त्यस जातिको संस्कृतिलाई अभिव्यक्त गर्नुका साथै विधाशास्त्रीय दृष्टिकोणले समेत परिपूर्ण रहेको निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची


चेम्जोङ, इमानसिंह (२०७५). *किरात इतिहास.* मञ्जरी पब्लिकेसन ।

न्यौपाने, कुसुमाकर (२०७२). 'लोकगीत सिद्धान्त'. *नेपाली लोकवार्ता.* जीवेन्द्रदेव गिरी (सम्पा.). नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पराजुली, कृष्णप्रसाद (२०५७). *नेपाली लोकगीतको आलोक.* वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, मोतीलाल (२०६०). 'लोकगीतको संरचना'. *कुञ्जिनी ११*(८), पृ. २१-२५ ।

पुमा, प्रवीण (२०८०). *किराती लोककथा : साकेला सिली.* डब्लु.डब्लु.डब्लु.सेतोपाटी.कम.साहित्यपाटी ।

बन्धु, चूडामणि (२०७४). *नेपाली लोकसाहित्य.* एकता बुक्स ।

बिस्ट, डोरबहादुर (२०७१). *सबै जातको फूलबारी.* साझा प्रकाशन ।

राई, कमलजङ्ग (२०७८). 'तायामा खियामा सिली र नारोवा सिली प्रस्तुतिबारे एक चर्चा'. *नेपाली लोकवार्ता भाग-८.* लोकवार्ता परिषद्, नेपाल, पृ. २६१-१७८ ।

राई, कमलजङ्ग (२०७९). *साक्खेवा सिली : एक अध्ययन.* जगजीतमान काङमाङ राई र श्रीमती दिलकुमारी मालेकुङ राई ।

राई, भक्त (२०७७). *साकेलाको सौन्दर्यशास्त्र.* नागरिक न्युज. नागरिकनेटवर्क.कम. समाज ।

राई, विनिता (२०६९). *साकेला गीतको विश्लेषण.* स्नातकोत्तर अप्रकाशित शोधपत्र. त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

राई, विष्णु (२०७१). *किरात सभ्यता : उभौली/उधौली पर्व मानवशास्त्रीय अध्ययन.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

राई, भक्त साम्पाङ (२०७१). *किराती-साम्पाङ पहिचानमा लोकगीतको भूमिका.* नेपाली डायस्पोरा वाङ्मय प्रतिष्ठान ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६२). *कविताको संरचनात्मक विश्लेषण.* विद्यार्थी पुस्तक भण्डार ।
शर्मा, जनकलाल (२०७५). *हाम्रो समाज एक अध्ययन.* मञ्जरी पब्लिकेसन ।